# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

**प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौं**

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७९/०६/१४)**

लोकसेवा आयोगको मिति २०७९/०६/०७ गतेको सहमति र कम्पनी पदपूर्ति समितिको मिति २०७९/०६/१२ गतेको निर्णायनुसार कम्पनीमा रिक्त रहेका पदहरु खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले तपसिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र रितपूर्वकको दरखास्त आव्हान गरिएको छ । तोकिएको योग्यता पुगेका उम्मेदवारहरुले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेभसाइट www.fmtc.org.np मा गई Online application मार्फत प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । विज्ञापनको सूचना कम्पनीको वेभसाइट www.fmtc.org.np मा समेत राखिएको छ ।

| सि. नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह/ उपसमूह | पद सङ्ख्या | खुला/ समावेशी | न्यूनतम् शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १. | १९/ ०७९-०८० | विभागीय प्रबन्धक | १० | प्रशासन | सामान्य प्रशासन | २ | खुला-१<br>महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको संगठित सङ्घ,संस्था वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको अधिकृतस्तरको पदमा कम्तिमा ७ वर्षको कार्यानुभव । |
| २ | २०/ ०७९-०८० | सह-विभागीय प्रबन्धक | ९ | प्रशासन | सामान्य प्रशासन | ६ | खुला-३<br>महिला-१<br>आ.ज.-१<br>मधेशी-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको संगठित सङ्घ संस्था वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको अधिकृतस्तरको पदमा कम्तिमा ५ वर्षको कार्यानुभव । |
| ३ | २१/ ०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | सामान्य प्रशासन | ५ | खुला-३<br>महिला-१<br>मधेशी-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण । |
| ४ | २२/ ०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | कानुन | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातकोत्तर उत्तीर्ण । |
| ५ | २३/ ०७९-०८० | अधिकृत | ६ | प्रशासन | समान्य प्रशासन | १० | खुला-६<br>महिला-२<br>आ.ज.-२ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ६ | २४/ ०७९-०८० | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | १८ | खुला-१०<br>महिला-३<br>आ.ज.-२<br>मधेशी-२<br>पि.क्षे.-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह/ १०+२ वा सो सरह उत्तीर्ण । |
| ७ | २५/ ०७९-०८० | वरिष्ठ सहायक | ५ | प्राविधिक | सिभिल इञ्जिनियरिङ्ग | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाण पत्र तह/ १०+२ वा सो सरह उत्तीर्ण। |
| ८ | २६/ ०७९-०८० | अटो मिल मेकानिक्स | ५ | प्राविधिक | मिल मेकानिकल इञ्जिनियरिङ्ग | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इञ्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाण पत्र तह/ १०+२ उत्तीर्ण । |
| ९ | २७/ ०७९-०८० | मिल अपरेटर | ५ | प्राविधिक | मिल मेकानिकल इञ्जिनियरिङ्ग | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इञ्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाण पत्र तह/ १०+२ उत्तीर्ण । |
| १० | २८/ ०७९-०८० | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | ६१ | खुला-३३<br>महिला-१०<br>आ.ज.-७<br>मधेशी-५<br>दलित-२<br>अपाङ्ग-२<br>पि.क्षे.-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा जि.पि.ए. २ ल्याई एस.ई.ई. वा सो सरह उत्तीर्ण । |

**द्रष्टव्यः**

१. **परीक्षाको किसिमः-** लिखित, अन्तर्वार्ता र पाठ्यक्रमका तोकिएका अन्य विधिहरु ।

२. **पाठ्यक्रमः-** विज्ञापित पदहरुका पाठ्यक्रमहरु कम्पनीको Website (www.fmtc.org.np) बाट प्राप्त गर्न सकिनेछ ।

३. **परीक्षा केन्द्रः-** काठमाडौं उपत्यकामा रहनेछ । सबै पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगबाट समय निर्धारण भए पश्चात प्रकाशन गरिनेछ ।

४. खुला प्रतियोगितामा दरखास्त दिने उम्मेदवारहरुले दरखास्त फाराम भरिसकेपछि Payment tap मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

५. **दरखास्त दस्तुरः-** विभागीय प्रबन्धक तह-१० का लागि रु. २,०००/-, सह विभागीय प्रबन्धक तह-९ का लागि रु. १,६००।-, वरिष्ठ अधिकृत तह-७ का लागि रु. १,२००/-, अधिकृत तह-६ का लागि रु. १,०००/- तह-५ का लागि रु. ८००।- र सहायक तह-४ का लागि रु. ७००/- परीक्षा दरखास्त दस्तुर लाग्नेछ भने एकै उम्मेदवारले एउटै पदको एक भन्दा बढी समूहमा सहभागी हुने भएमा तह-९ र १० का लागि थप रु. ५००/- तह-६ र ७ का लगि रु. ४००/- र तह ४ र ५ का लागि रु. ३००/- थप दस्तुर बुझाउनु पर्नेछ ।

६. अनलाइन प्रणालीबाट दरखास्त बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा तोकिएको दस्तुर सहित दरखास्त पेश गरिसक्नु पर्नेछ ।

७. विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुनेछैन ।

८. **दरखास्त दिने अन्तिम मितिः-** २०७९।७०३ गते सम्म र दोब्बर दस्तुर तिरी २०७९/०७/१० गते सम्म ।

९. **उम्मेदवारको उमेरको हदः-** तह-९ र तह-१० का लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । अधिकृतस्तर तह-६ र तह-७ को हकमा २१ पर्ष पूरा भइ ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । सहायक तह-४ र तह-५ को हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । कम्पनीमा बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

१०. **तलवभत्ता तथा अन्य सुविधाः-** कम्पनीको कर्मचारी सेवा, शर्त र सुविधा सम्वन्धी विनियमावली, २०७९ बमोजिम हुनेछ ।

११. **काम गर्नुपर्ने स्थानः-**

क. तह-४ र ५ मा नियुक्ति पाउने कर्मचारीहरुले कम्पनीको सुदूरपश्चिम, कर्णाली, गण्डकी र अन्य प्रादेशिक कार्यालय अन्तर्गत रहेका डिपो कार्यालयहरु,

ख. तह- ६ र ७ मा नियुक्ति पाउने कर्मचारीहरुले कम्पनीको शाखा तथा मुख्य शाखा कार्यालयहरु,

ग. तह-९ मा नियुक्ति पाउने कर्मचारीहरुले कम्पनीका प्रादेशिक कार्यालयहरु र

घ. तह-१० मा नियुक्ति पाउने कर्मचारीहरुले प्रधान कार्यालय काठमाडौं ।

१२. **पदले गर्नुपर्ने कामः-** सम्बन्धित पद सेवा, समूह र उपसमूहका लागि कार्यविवरणमा तोकिए बमोजिम ।

१३. **परीक्षणकालः-** १ वर्ष, महिलाको हकमा ६ महिना मात्र ।

१४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१६. समावेशी तर्फको दरखास्त बुझाउने उम्मेदवारले समावेशी समूह खुल्ने कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।

१७. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भएबमोजिमको विवरणहरु खुलाउनु पर्नेछ ।

१८. कम्पनीको पदपूर्ति समितिको सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको वा न्यूनतम शैक्षिक योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन ।

१९. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम अनुसार माग भएका पदसंख्यामा नियुक्तिका लागि सिफारिश गरिनेछ ।

२०. यस सूचनामा उल्लेख नभएका बिषयहरुको हकमा कम्पनीको कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली, २०७९ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

२१. **समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरुः-**

क. आदिवासी जनजातिका हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित संवैधानिक आयोगबाट सिफारिस भएको पत्र पेश गर्नुपर्नेछ ।

ख. दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित संवैधानिक आयोगबाट सिफारिस भएको पत्र पेश गर्नुपर्नेछ ।

ग. अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको आधारमा,

घ. मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित संवैधानिक आयोगबाट सिफारिस भएको पत्र पेश गर्नुपर्नेछ ।

ङ. पिछडिएको क्षेत्रको हकमा कम्पनीको विनियमावलीको विनियम ९ को उपविनियम (६) को स्पष्टीकरण खण्ड (अ) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी कम्तीमा तीन महिना अघि प्रमाणित गरेको कागजातको आधारमा ।

२२. **अनलाइन प्रणालीमा दरखास्त दिंदा ध्यान दिनुपर्ने कुराहरुः**

क. अपलोड गर्नुपर्ने कागजातः- उम्मेदबारको दुबै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाण-पत्र, समावेशीको हकमा समावेशी प्रमाण-पत्र, शैक्षिक योग्यता (न्यूनतम शैक्षिक योग्यताको मात्र भए पुग्ने) तालिम, अनुभव, चारित्रिक प्रमाण-पत्र, सिभिल तथा मेकानिकल इञ्जिनियरिङ्ग जस्ता पदका लागि सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भएको प्रमाण-पत्र तथा सम्बन्धित विज्ञापनका लागि तोकिएका अन्य आवश्यक कागजातहरु अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ ।

२३. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ ।

२४. विज्ञानपनसँग सम्बन्धित थप जानकारीका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. प्रधान कार्यालय भद्रकाली प्लाजा, काठमाडौंको फोन नं.: ०१-४२५५४३४ र मोबाइल नं. ९८५१३४१६६३ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**पदपूर्ति समिति**

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौ

## कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०६/१४)

लोकसेवा आयोगको मिति २०७९।०६।०७ गतेको सहमति र पदपूर्ति समितिको मिति २०७९।०६।१२ गतेको निर्णयानुसार कम्पनीको रिक्त पदहरुमा कार्यक्षमता मूल्याङ्कनद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा समूह/उपसमूह अन्तर्गतका पदमा साविक नेपाल खाद्य संस्थान कार्यालय सञ्चालन तथा कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली, २०६४ (संशोधन सहित) मा बढुवाका लागि तोकिए बमोजिमको सेवा अवधि र न्यूनतम् शैक्षिक योगता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेभसाइट www.fmtc.org.np मा गई Online application मार्फत प्राप्त हुने गरी रितपूर्वक दरखास्त फाराम बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७९-०८० | नायव कार्यकारी अधिकृत, | ११ | प्रशासन | सामान्य प्रशासन | २ |
| २ | ०२/०७९-०८० | विभागीय प्रवन्धक | १० | प्रशासन | सामान्य प्रशासन | ४ |
| ३ | ०३/०७९-०८० | सह विभागीय प्रबन्धक | ९ | प्रशासन | सामान्य प्रशासन | ४ |
| ४ | ०४/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्राविधिक | गुण नियन्त्रण | १ |
| ५ | ०५/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्रशासन | सामान्य प्रशासन | ११ |
| ६ | ०६/०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | गुणस्तर नियन्त्रण | १ |
| ७ | ०७/०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | सामान्य प्रशासन | १४ |
| ८ | ०८/०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | मिल मेकानिक्स | १ |
| ९ | ०९/०७९-०८० | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | १२ |
| १० | १०/०७९-०८० | अधिकृत | ६ | प्राविधिक | सिभिल इन्जिनियरिङ्ग | १ |
| ११ | ११/०७९-०८० | अधिकृत | ६ | प्राविधिक | गुणस्तर नियन्त्रण | १ |
| १२ | १२/०७९-०८० | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | २१ |

**द्रष्टव्य:-**

१. कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि कार्यक्षमता मूल्याङ्कनको गणना आ.व. २०७८/०७९ को असार मसान्त सम्मको हिसाबले गरिनेछ।

२. परीक्षा दस्तुर:- तह-११ का लागि रु. २,५००/-, तह-१० का लागि रु. २,०००/-, तह-९ का लागि रु. १,६००/-, तह-८ का लागि रु. १,४००/-, तह- ७ का लागि रु. १,२००/-, तह-६ का लागि रु. १,०००/- र तह-५ का लागि रु. ८००/- लाग्नेछ। दरखास्त फाराम भरिसकेपछि Payment tap मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट उल्लिखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

३. सूचना प्रकाशित भएको मितिले ३५ औं दिन सार्वजनिक विदा पर्न गएमा पनि दरखास्त पेश गर्ने समयावधि थप हुनेछैन।

४. उम्मेदवारले पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरु स्पष्ट द्विविधा रहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

५. दरखास्त फाराममा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु र विवरण भरी पेश नगर्ने उम्मेदवारहरुको प्राप्त कागजातका आधारमा मूल्याङ्कन गरिनेछ।

६. सूचनामा उल्लिखित म्याद भित्र दाखिला नभएका वा न्यूनतम शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाएका वा रितपूर्वक पेस नभएका दरखास्त फारामहरू स्वीकृत गरिने छैन।

७. यो सूचनामा नभएको विषयको हकमा कम्पनीको विनियमावली बमोजिम हुनेछ।

८. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

पदपूर्ति समिति

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौ

## आन्तरिक प्रतियोगितात्मक परीक्षाका लागि आवेदन फाराम भर्ने सूचना

(प्रथम पटक प्रकाशित मिति:-२०७९/०६/१४)

लोकसेवा आयोगको मिति २०७९।०६।०७ गतेको सहमति र पदपूर्ति समितिको मिति २०७९।०६।१२ गतेको निर्णयानुसार कम्पनीका रिक्त पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा समूह/उपसमूह अन्तर्गतका पदमा साविक नेपाल खाद्य संस्थान कार्यालय सञ्चालन तथा कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियमावली, २०६४ (संशोधन सहित) मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेभसाइट www.fmtc.org.np मा गई Online application मार्फत प्राप्त हुने गरी रितपूर्वक दरखास्त फाराम बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने कुनै पनि दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | १३/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्रशासन | सामान्य प्रशासन | ३ |
| २ | १४/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्राविधिक | सिभिल इन्जिनियरिङ्ग | १ |
| ३ | १५/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्राविधिक | विविध | १ |
| ४ | १६/०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | सामान्य प्रशासन | ६ |
| ५ | १७/०७९-०८० | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | १४ |
| ६ | १८/०७९-०८० | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | ८ |

**द्रष्टव्य:-**

१. परीक्षा दस्तुर:- तह-८ का लागि रु. १,४००/-, तह- ७ का लागि रु. १,२००/-, तह-६ का लागि रु. १,०००/- र तह-५ का लागि रु. ८००/- लाग्नेछ। दरखास्त फाराम भरिसकेपछि Payment tap मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट उल्लिखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

२. आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम कम्पनीको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ।

३. लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। परीक्षा मिति पछि प्रकाशित हुनेछ।

४. सूचना प्रकाशित भएको मितिले ३५ औं दिन सार्वजनिक विदा पर्न गएकामा पनि दरखास्त पेश गर्ने समयावधि थप हुनेछैन।

५. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरु स्पष्ट, द्विविधा रहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

६. सूचनामा उल्लिखित म्याद भित्र दाखिला नभएका वा न्यूनतम शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाएका वा रितपूर्वक पेस नभएका दरखास्त फारामहरू स्वीकृत गरिने छैन।

७. यो सूचनामा नभएको विषयको हकमा कम्पनीको विनियमावली बमोजिम हुनेछ।

८. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

पदपूर्ति समिति